# श्री अम्रसा सामुदायिक वन उपभोक्ता समूह

मध्यविन्दु न.पा. वडा नं. ७, नवलपरासी(ब.सु.पू.)

उपाध्यक्ष
दुर्गा बहादुर म

च.नं.:
पत्र संख्या:

मिति:२०८३/०४/१८

विषय : सिलवन्दी बोलपत्रद्धारा वन पैदावार (काठ /दाउरा) लिलाम बिक्रीको सूचना ।
(सौर्य दैनिकमा पहिलो पटक प्रकाशित मिति २०८३/०४/१८ गते )

प्रस्तुत विषयमा यस सामुदायिक वन उपभोक्ता समुहले आ.व. २०८२/०८३ मा संकलन गरी घाटगद्दीमा रहेका तपसिलका लटहरुको निम्न परिमाणको काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी सिलवन्दी बोलपत्रद्धारा लिलाम गर्नु पर्ने भएकोले पहिलो पटक यो सूचना प्रकाशित गरिएकोछ । ।गण्डकी प्रदेश वन नियमावली, २०८१ को नियम ७२ को उपनियम (४) बमोजिम लिलाम बिक्री प्रकृयाका लागी गोलिया काठको हकमा प्रचलित कानून बमोजिम डिभिजन वन कार्यालयमा सूचीकृत भएका र अन्य काठ दाउराको हकमा वन पैदावारमा आधारित उद्योग संञ्चालन गर्न इजाजत प्राप्त गरी संञ्चालनमा रहेका उद्योगहरुले **सौर्य दैनिक पत्रिकामा पहिलो पटक प्रकाशित** भएको मितिले २१ (एक्काइस) दिनभित्र डिभिजन वन कार्यालय नवलपुर र यस समुहको कार्यालयबाट प्रत्येक लटको लागी छुट्टा छुट्टै सिलवन्दी बोलपत्र खरीद गरी २२ औं दिन कार्यालय समयभित्र श्री डिभिजन वन कार्यालय नवलपुर र यस समुहको कार्यालयमा सिलवन्दी बोलपत्र दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ।

१. लिलाम हुने गोलिया काठ/ दाउराको विवरण

| सि.नं. | लट नं. | धाङ नं. | प्रजाती/किसिम | ग्रेड | थान | परिमाण (घ.फी.) | न्यूनतम् मूल्य रु. | संकलन खर्च रु. |
|---|---|---|---|---|---|---|---|---|
| १ | १-०८३/०८४ (पुनरुत्पादन कटान) | २ | साल/गोलिया | A | १० | १४९.६६ | १८७०७५.३१ | ९२२५३.६६ |
| | | | साल/गोलिया | B | २६ | २५३.५३ | २२८१७३.७८ | |
| | | | साल/गोलिया | C | ५५ | २३३.४६ | १४००७८.४९ | |
| | | | साल/गोलिया | D | ० | ०.०० | ०.०० | |
| | | | साल जम्मा | | ९१ | ६३६.६५ | ५५५३२७.५८ | |
| | | | ब[illegible]/गोलिया | - | ७ | ४१.६८ | ८३३६.९७९ | |
| | | | *कूल जम्मा* | | ९८ | ६७८.३४ | ५६३६६४.५६ | |
| २ | २-०८३/०८४ (पुनरुत्पादन कटान) | ३ | साल/गोलिया | A | ८ | १४८.७९ | १८५९८३.४४ | ८६५४७.८० |
| | | | साल/गोलिया | B | १८ | २०१.२६ | १८११३४.४६ | |
| | | | साल/गोलिया | C | ६९ | २८६.३३ | १७१८००.१७ | |
| | | | साल/गोलिया | D | ० | ०.०० | ०.०० | |
| | | | *कूल जम्मा* | | ९५ | ६३६.३८ | ५३८९१८.०७ | |
| ३ | ३-०८३/०८४ (पुनरुत्पादन कटान) | ५ | साल/गोलिया | A | १५ | २४५.१८ | ३०६४७७.३८ | १११२७०.१५ |
| | | | साल/गोलिया | B | ३० | ३७४.९३ | ३३७४३८.८० | |
| | | | साल/गोलिया | C | ५२ | १९८.०५ | ११८८२९.३६ | |
| | | | साल/गोलिया | D | ० | ०.०० | ०.०० | |
| | | | *कूल जम्मा* | | ९७ | ८१८.१६ | ७६२७४५.५४ | |

# श्री अम्रसा सामुदायिक वन उपभोक्ता समूह

मध्यविन्दु न.पा. वडा नं.७, नवलपरासी(ब.सु.पू.)

दुर्गा बहादुर मल्ल

च.नं.:

पत्र संख्याः

मितिः२०८३/०४/१८

विषय : सिलवन्दी बोलपत्रद्धारा वन पैदावार (काठ /दाउरा) लिलाम विक्रीको सूचना ।

(सौर्य दैनिकमा पहिलो पटक प्रकाशित मिति २०८३/०४/१८ गते )

| सि.नं. | लट नं. | धाङ नं. | प्रजाती/किसिम | ग्रेड | थान | परिमाण (घ.फी.) | न्यूनतम् मूल्य रु. | संकलन खर्च रु. |
|---|---|---|---|---|---|---|---|---|
| ४ | ४-०८३/०८४ (पुनरुत्पादन कटान) | ७ | साल/गोलिया | A | ३१ | ५७२.२१ | ७१५२५८.१६ | १४०३२१.९८ |
| | | | साल/गोलिया | B | २३ | २६४.५५ | २३८०९५.६२ | |
| | | | साल/गोलिया | C | ४४ | १९५.०२ | ११७०१३.२५ | |
| | | | साल/गोलिया | D | ० | 0.00 | 0.00 | |
| | | | *कूल जम्मा* | | ९८ | १०३१.७८ | १०७०३६७.०३ | |
| ५ | ५-०८३/०८४ (पुनरुत्पादन कटान) | ८ | साल/गोलिया | A | २१ | ३८१.५७ | ४७६९६५.९१ | १२४५१५.६८ |
| | | | साल/गोलिया | B | २६ | ३०९.७४ | २७८७६६.९८ | |
| | | | साल/गोलिया | C | ४७ | २२४.२४ | १३४५४५.६० | |
| | | | साल/गोलिया | D | ० | 0.00 | 0.00 | |
| | | | *कूल जम्मा* | | ९४ | ९१५.५५ | ८९०२७८.४९ | |
| ६ | ६-०८३/०८४ (पुनरुत्पादन कटान) | - | साल दाउरा | - | - | ६.00 चट्टा | ७२000.00 | ७४२४२.00 |

२. यस सूचनाको संक्षिप्त सूचना सौर्य दैनिकमा **प्रथम पटक** प्रकाशित भएको मितिले २१ औं दिनसम्म कार्यालय समयभित्र बोलपत्र वापत तोकिएको तस्तुर तिरी ( पछि फिर्ता नहुने गरी ) श्री डिभिजन वन कार्यालय नवलपुर र यस समुहको कार्यालयबाट खरिद गर्न सकिनेछ । बोलपत्र खरिद गर्नको लागी प्रोपाइटर आफै उपस्थित नभई प्रतिनीधि पठाएमा प्रोपाइटरको मन्जुरीनामा निवेदनसाथ अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । निवेदनसाथ आवश्यक कागजातहरु (नेपाली नागरिकताको प्रमाण-पत्र, फर्म दर्ता प्रमाण-पत्र, मु.अ.कर दर्ता वा स्थायी लेखा नं., कर चुक्ता, उद्योग सूचीकृतको प्रमाण-पत्रको प्रतिलिपी ) अनिवार्य संलग्न हुनुपर्नेछ ।

३. बोलपत्र खरिद तथा दाखिला मिति :

क) बोलपत्र खरिद मिति : २०८३/०५/०७ गते सम्म । ख) बोलपत्र दाखिला मिति :२०८३/०५/०८ गते कार्यालय समयभित्र ।

४. बोलपत्र खरिद र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलीपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

५. बोलपत्रसाथ कवोल गरेको सकार रकमको १० प्रतिशतले हुन आउने रकम यस समुहको **एन.आइ.एम.वि. बैंक, चोरमारा शाखामा रहेको खाता नं. 22301050004374 मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा यस समुहको नाममा खिचिएको बैंक ड्राफ्ट वा ६ महिना अवधीको बैंक जमानत पत्र** मध्ये कुनै एक समावेश हुनुपर्नेछ । बैंक ड्राफ्ट वा जमानतको मिश्रण र नगद धरौटीलाई मान्यता दिईनेछैन ।

६. लिलाम बढाबढ हुने वन पैदावार यस समुहको घाटगद्दी स्थानमा गई हेर्न सकिनेछ ।

श्री अम्रसा सामुदायिक वन उपभोक्ता समूह
मध्यविन्दु न.पा. वडा नं. ०७, नवलपरासी(ब.सु.पू.)

उपाध्यक्ष
दुर्गा बहादुर मल्ल

च.नं.:
पत्र संख्या:

मिति:२०८३/०४/१८

विषय : सिलवन्दी बोलपत्रद्धारा वन पैदावार (काठ /दाउरा) लिलाम बिक्रीको सूचना ।
(सौर्य दैनिकमा पहिलो पटक प्रकाशित मिति २०८३/०४/१८ गते )

७. दाखिला भएको बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षरमा दुबैमा लेखु पर्नेछ । अंक र अक्षर फरक परे अक्षरलाई मान्यता दिईनेछ । टिपेक्स लगारएर सच्चाएको तथा केरमेट गरी पुनः लेखिएको बोलपत्र मान्य हुनेछैन ।

८. सिलवन्दी बोलपत्रमा लाहा छाप लगाईएको हुनु पर्नेछ । लाहा छापभित्र पर्ने गरी स्टिच लगाउन पाईने छैन ।

९. श्री डिभिजन वन कार्यालय नवलपुरमा दर्ता भएका सिलवन्दी बोलपत्रहरु प्राप्त हुन आएपछि निर्धारण गरिएको न्यूनतम् संख्या र रितपूर्क दर्ता भएका बोलपत्रहरु यस समुहको कार्यालयमा प्रतिनीधिहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा नीजको प्रतिनीधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन ।

१०. बोलपत्र खोल्ने बारेको सूचना यस समुहको कार्यालयको सूचनापाटीमा टाँस गरिनेछ ।

११. बोलपत्र खरिद गर्दा लट अनुसार बेग्ला बेग्लै खरिद गरी दाखिला गर्दा पनि बेग्ला बेग्लै दाखिला गरी खाम बाहिर प्रष्ट लट नं. उल्लेख हुनुपर्नेछ ।

१२. लिलाम स्विकृति भएको जानकारी कार्यालयको सूचनापाटीमा प्रकाशित गरिनेछ । सोको जानकारी लिने दायित्व बोलपत्र दाताको रहनेछ । बोलपत्र स्विकृत भएको सूचना प्रकाशित भएको वा जानकारी प्राप्त भएको मितिले ४५ दिनभित्र सकार गरेको रकम निर्धारित मु.अ. कर, अग्रिम आयकर र संकलन खर्च बुझाई वन पैदावार तोकिएको अवधिभित्र उठाई लैजानु पर्नेछ ।

१३. बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार सम्बन्धित निकायमा सुरक्षित रहनेछ ।